बेलका नगरपालिका, उदयपुर

नगर कार्यपालिका बैठक संख्याः १

मिति २०८१/०४/०३ गते बिहानको ०७ : ०० बजे

प्रस्तावहरू

१. नदी किनार र वन क्षेत्रमा मौज्दात रहेको नदीजन्य पदार्थ सम्बन्धमा ।

२. नदीजन्य पदार्थको दिगो व्यवस्थापनका लागि जिल्ला तथा प्रदेश स्तरीय बैठक सम्बन्धमा ।

३. आ.व. २०८०/८१ को वार्षिक समीक्षा तथा सार्वजनिक सुनुवाई सम्बन्धमा ।

४. विपद पूर्वतयारी जिम्मेवारी तोक्ने सम्बन्धमा ।

५. विपद व्यवस्थापनका लागि राहत माग गर्ने सम्बन्धमा ।

६. विपदजन्य कार्यमा हालसम्म भएको योजनागत काम तथा खर्च सम्बन्धमा ।

७. कर्मचारी करार स्याद थप सम्बन्धमा ।

८. विज्ञापन आह्वान गर्ने सम्बन्धमा ।

९. विविध ।

अशोक कार्की

नगर प्रमुख

अशोक कार्की

नगर प्रमुख

**निर्णय नं. १** प्रस्ताव नं. १ माथि छलफल गर्दा बेलका नगरपालिकाका ठेक्का व्यवस्थापन भएका नदीहरूबाट नदीजन्य पदार्थ उत्खनन गरी नदी किनार तथा वन क्षेत्रमा भण्डारण गरिएको नदीजन्य पदार्थ असार मसान्तभित्र स्थानान्तरण गरिसक्नु पर्ने कानूनी व्यवस्था रहेको र सो सम्बन्धमा जिल्ला समन्वय समिति, उदयपुरले त्यसरी भण्डारण भएको नदीजन्य पदार्थ स्थानान्तरण भए/नभएको र नभएको भए के कति नदीजन्य पदार्थ मौज्दात रहेको छ प्रमाणित गरी पठाउने भनी पत्राचार गरेकोमा यस बेलका नगरपालिकाका ईन्जिनियर श्री चन्द्रकान्त सतरा र रमेश कार्कीलाई मौज्दात नापजाँच तथा मूल्याङ्कन गर्ने जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो । साथै सो नदीजन्य पदार्थ मौज्दात अनुगमन नगरपालिकाको अनुगमन समितिले गर्ने र जिल्ला समन्वय समिति, उदयपुरलाई समेत अनुगमन गर्न अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** प्रस्ताव नं. २ माथि छलफल गर्दा बेलका नगरपालिकाका नदी तथा खोलाहरूमा रहेको नदीजन्य पदार्थको दिगो व्यवस्थापन गर्न जिल्ला समन्वय समिति, राष्ट्रपति चुरे संरक्षण कार्यालय, डिभिजन वन कार्यालय लगायतका सम्बन्धित निकायहरूसँग बैठक बस्ने निर्णय गरियो ।

**निर्णय नं. ३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा गत आर्थिक वर्ष २०८०/८१ को तेस्रो चौमासिक समीक्षा मिति २०८१/०४/१५ र वार्षिक समीक्षा मिति २०८१/०४/१६ मा गर्ने निर्णय गरियो । सो कार्यका लागि प्रत्येक विषयगत शाखा तथा वडा कार्यालयहरूबाट प्रगति विवरण माग गर्ने निर्णय गरियो । साथै आर्थिक वर्ष २०८०/८१ को वार्षिक सार्वजनिक सुनुवाई साउन मसान्तभित्र सम्पन्न गर्ने गरी समीक्षा बैठकले मिति तय गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिति २०८१/०३/२५ देखि २८ सम्म आएको अविरल वर्षाका कारण विभिन्न स्थानमा सडक, घर तथा अन्य पूर्वाधारमा व्यापक क्षति हुन पुगेको साथै पशु चौपायामा समेत क्षति हुन पुगेको र नगरपालिकाको प्रयासले मात्र विपद व्यवस्थापन अपूर्ण हुने देखिएकाले जिल्ला विपद व्यवस्थापन समितिको कार्यालय, रेडक्रस सोसाइटी लगायतका विभिन्न संघ संस्थाहरूसँग समक्ष राहत सामग्री तथा नगद सहयोग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** प्रस्ताव नं. ५ माथि छलफल गर्दा विपदको समयमा उद्दार, राहत तथा पुनर्स्थापना साथै क्षतिको विवरण सङ्कलन लगायतका कार्य गर्नका लागि नगरपालिकाका विभिन्न विषयगत समितिका संयोजक, शाखा प्रमुख, वडा अध्यक्ष तथा अन्य पदाधिकारीहरूलाई जिम्मेवार बनाउन नगरपालिकाले तयार पारेको संयन्त्र अनुसार जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** प्रस्ताव नं. ६ माथि छलफल गर्दा बेलका नगरपालिकामा वर्षातका कारण हुन गएको विपदजन्य कार्यमा हालसम्म गरिएको प्रयास र खर्चको विपद व्यवस्थापन शाखाले तयार पारेको विवरण तपशील बमोजिम रहेको नगर कार्यपालिका समक्ष जानकारी गराइयो ।

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

अशोक कार्की
नगर प्रमुख

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७३

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ७** प्रस्ताव नं. ७ माथि छलफल गर्दा बेलका नगरपालिकामा सेवा करारमा कार्यरत कर्मचारीहरूको चौधौं नगर सभाले नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गरे बमोजिम नगर सभाद्वारा सिर्जना गरिएका दरबन्दी चालु आर्थिक वर्षका लागि नवीकरण गर्ने तथा सो पद तथा दरबन्दीमा कार्यरत कर्मचारीहरूको २०८१ साल पुस मसान्तसम्मका लागि सेवा करार म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकामा रिक्त रहेका तपशील बमोजिमका दरबन्दीमा सेवा करारमा लिने गरी विज्ञापन प्रकाशन गरी नियमानुसार नियुक्ति प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तपशीलः

| क्र.सं. | पद | तह | सेवा/समूह | पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | अ.हे.व. | सहायकस्तर चौथो | स्वास्थ्य/हे.ई. | ४ (चार) | |
| २. | तथ्याङ्क सुपरीवेक्षक | सहायकस्तर पाँचौं | आ.यो. तथा तथ्याङ्क | १ (एक) | |
| ३. | मेडिकल ल्याब असिस्टेन्ट | सहायकस्तर चौथो | स्वास्थ्य/मे.ल्या.टे. | १ (एक) | |
| ४. | अ.न.मि. | सहायकस्तर चौथो | स्वास्थ्य/प.हे.न. | १ (एक) | |
| ५. | रोजगार सहायक | सहायकस्तर पाँचौ | - | १ (एक) | प्र.म.रो.का. अन्तर्गत |

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

अशोक कार्की
नगर प्रमुख